# फलफूलबाली विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

**प्रस्तावनाः** उन्नत प्रविधि एवम् आधुनिक बगैंचा व्यवस्थापन पद्धति अवलम्बन गरी फलफूलबालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आत्मनिर्भरता तथा आयात प्रतिस्थापनमा टेवा पुऱ्याउन फलफूलबाली विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. प्राविधिक पक्षः**

(१) यस मापदण्ड बमोजिम फलफूलबाली विकास आयोजना अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्:-

(क) फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम,

(ख) फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम,

(ग) उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास सम्बन्धी कार्यक्रम

(घ) फलफूल खेती प्रविधि सम्बन्धी स्थलगत तालिम,

(ङ) फलफूलबालीमा बाली संरक्षण सम्बन्धी कार्यक्रम,

(च) फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम।

(२) कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको मापदण्ड हुनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम | ३ रोपनी (कृषक समूह वा सहकारी संस्थाको हकमा कम्तीमा १० घरधुरी लाभान्वित हुने गरी कम्तीमा ३० रोपनी क्षेत्रफल हुनुपर्ने) | कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सम्बन्धित बालीको खेती गर्न भौगोलिक र वातावरणीय रुपमा उपयुक्त रहेको क्षेत्रमा मात्र कार्यक्रम सञ्चालन हुने |
| २. | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम | ३ रोपनी (कृषक समूह वा सहकारी संस्थाको हकमा कम्तीमा १० घरधुरी लाभान्वित हुने गरी कम्तीमा ३० रोपनी क्षेत्रफल हुनुपर्ने) | कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने |
| ३. | उच्च घनत्व प्रविधिमा आधारित फलफूल | १ रोपनी (कृषक समूह वा सहकारी संस्थाको हकमा प्रति | कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत |

| | | | |
|---|---|---|---|
| | विकास सम्बन्धी कार्यक्रम | कृषक कम्तीमा १ रोपनी हुनेगरी कम्तीमा १० रोपनी र कम्तीमा १० घरधुरी लाभान्वित हुनुपर्ने) | सञ्चालन हुने |
| ४. | फलफूल खेती प्रविधि सम्बन्धी स्थलगत तालिम | - | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |
| ५. | फलफूलबालीमा बाली संरक्षण सम्बन्धी कार्यक्रम | - | फलफूलको मुख्य उत्पादन क्षेत्रलाई प्राथमिकता दिई कृषक, कृषि फर्म, कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थामार्फत कार्यालयले नै सञ्चालन गर्ने |
| ६. | फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम | - | कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन हुने |

(३) उपदफा (२) बमोजिमका कार्यक्रममा देहाय अनुसारका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(क) फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रमबाट कार्यक्रम सञ्चालन गर्ने कार्यालयको प्राविधिक सिफारिस बमोजिम जमिन रेखाङ्कन तथा खाडल तयारी, प्राङ्गारिक मल व्यवस्थापन, नयाँ विरुवा खरिद तथा रोपण, थाँक्रा व्यवस्थापन, विरुवाको तालिम तथा काँटछाँट, सिँचाइ व्यवस्थापन, कृषि औजार तथा उपकरण खरिद लगायतका प्रवर्धनात्मक कार्यहरू सञ्चालन गरी बगैंचा स्थापना तथा विस्तार गरेको हुनुपर्नेछ।

(ख) फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रमबाट स्थापना भईसकेको बगैंचाको उचित व्यवस्थापन तथा सुदृढीकरण भई उत्पादकत्व वृद्धि हुने गरी विरुवाको तालिम तथा काँटछाँट, सिँचाइ तथा निकास व्यवस्थापन, खाद्यतत्व व्यवस्थापन, बाली संरक्षण सामग्री तथा प्रविधि सहयोग, औजार तथा उपकरण सहयोग लगायतका कार्यहरू सञ्चालन गरी बगैंचा व्यवस्थापन तथा सुदृढीकरण गर्नुपर्नेछ।

(ग) उच्च घनत्व प्रविधिमा आधारित स्याउको हकमा बिरुवा खरिदको लागि मात्र अनुदान उपलब्ध गराउन सकिनेछ।

(घ) फलफूलबाली सम्बन्धी स्थलगत तालिम (वस्तुगत सेवा टेवा सहित) र फलफूलबालीमा आकस्मिक तथा अभियानमूलक बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा फलफूल बगैंचा स्थापना तथा विस्तार सम्बन्धी कार्यक्रम र फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सम्बन्धी कार्यक्रम सञ्चालन हुने स्थानलाई प्राथमिकता दिई फलफूलबालीको अन्य उत्पादन क्षेत्रमा समेत सञ्चालन गर्न सकिनेछ।

(ङ) फलफूलबालीमा आकस्मिक/अभियानमूलक बाली संरक्षण कार्यक्रम सञ्चालन गर्दा कार्यालयले प्राविधिक परिचालन गरी समस्या पहिचान गर्ने, रोगकिराको प्रक्षेपण गर्ने तथा व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्री (औजार उपकरण, विषादी लगायत) उपलब्ध गराउन सक्नेछ। विषादीको प्रयोग गर्दा कृषि ज्ञान केन्द्रले सिफारिस गरे बमोजिम आवश्यक सुरक्षाका उपायहरु अवलम्बन गरी गर्नुपर्नेछ।

(च) फलफूलको प्रशोधन, मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमबाट भण्डार गृह निर्माण तथा सामग्री खरिद, प्रशोधन गृह निर्माण तथा मेसिनरी औजार खरिद, मूल्य अभिवृद्धिको लागि पूर्वाधार तथा प्रविधि सहयोग, ब्रान्डिङ, प्याकेजिङ, लेबलिङ तथा बजार प्रवर्द्धनका लागि आवश्यक सामग्री/पूर्वाधार तथा प्रविधि सहयोग लगायतका कार्यहरु सञ्चालन गर्न सकिनेछ।

## २. आर्थिक पक्षः

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) कृषि पूर्वाधार निर्माण (समुदायस्तर लाभान्वित हुने साना सिँचाइ संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित पूर्वाधार निर्माण) कार्यमा बढीमा ९० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। व्यक्तिगत कृषि फर्मको हकमा बढीमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको ३% नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम, अभियानमूखी बाली संरक्षण सेवा तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

## ३. प्रस्ताव मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **सिँचाइको अवस्था** | **१०** |
| (क) | सिँचाइको सुविधा भएको | १० |
| (ख) | सिँचाइको सुविधा नभएको | ३ |
| **(२)** | **बगैंचा स्थापना भएको/हुने क्षेत्रफल** | **२०** |
| (क) | दफा १ को उपदफा (२) बमोजिमको न्यूनतम क्षेत्रफलमा उत्पादन गर्ने भएमा | १० |
| (ख) | क्र.स.(२) को (क) बमोजिमको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा २० | १० |

| | | |
|---|---|---|
| | अङ्क प्रदान गरी प्रति रोपनी थप क्षेत्रफलका लागि ०.५ अङ्कका दरले थप गरी अधिकतम १० अङ्कसम्म प्रदान गर्ने | |
| **(३)** | **अनुदानको अवस्था** | **२०** |
| (क) | पछिल्लो दुई आ.व. मा कृषि कार्यका लागि कुनै पनि अनुदान प्राप्त नगरेको | २० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त नगरेको | १० |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| **(४)** | **जग्गाको स्वामित्व** | **१०** |
| (क) | आवेदकको आफ्नो वा संस्थाको हकमा सदस्यहरुको आफ्नो स्वामित्वमा रहेको जग्गा भएको | १० |
| (ख) | जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गरिने | ८ |
| **(५)** | **जग्गाको अवस्थिति** | **२०** |
| (क) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | २० |
| (ख) | कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | १० |
| | नोटः क्र.सं. (४) को प्रयोजनको लागि उत्पादन गरिने प्लट बीचको दुरी २०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| **(६)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १० देखि २० अङ्क प्रदान गर्ने) | **२०** |
| | **जम्मा** | **१००** |

४. **निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

५. **संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

६. **प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

७. <u>**खारेजी र बचाउः**</u> (१) फलफूलबाली विकास सम्बन्धी आयोजना कार्यान्वयन मापदण्ड, २०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका मापदण्ड अनुसार भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।